# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९
मेदिबुङ, थपु,पाँचथर
१ नं. प्रदेश, नेपाल


याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेदिबुङ, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

प.सं. : २०७४/०७५
च.नं.

मिति : २०७४/१०/०७

विषय :- प्रस्तावना-पत्र आह्वानको सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/१०/०७

यस कार्यालयको आ.व २०७४/०७५को स्वीकत वार्षिक विकास कार्यक्रम अनुसार आदिबासी जनजाति, दलित प्रवर्द्धन कार्यक्रम याङवरक गाउँपालिकाका क्षेत्र भित्र संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक गैरसरकारी संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही प्रस्तावना-पत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१. प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र पेश गर्न गत आ.व. मा नविकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, पान नं. वा मू.अ.कर दर्ता प्रमाण-पत्र संलग्न राखी रु.१०।- को टिकट टाँसी निवेदन दिई प्रस्तावना पेश गर्न सकिनेछ ।
२. यो सूचना मेची पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र पेश गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।
३. प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र राखिएको खाम बाहिर "कार्यालयको नाम र आदिबासी जनजाति, दलित प्रवर्द्धन कार्यक्रम " भन्ने शब्द लेखि लाहाछाप सहितको सिलबन्दी गरिएको हुनुपर्नेछ ।
४. यसरी दर्ता हुन आएका सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ । सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनाकर्ताहरु अनुपस्थित रहेमा पनि प्रस्तावनापत्र खोल्न बाधा पर्ने छैन ।।
५. सिलबन्दी प्रस्तावनापत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी प्रस्तावनाकर्ताले सम्झौता गर्दा प्रस्तावनापत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
६. सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनापत्रमा उल्लेखित कार्यक्रम याङवरक गाउँपालिका क्षेत्र भित्र संचालन गर्नुपर्नेछ ।
७. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्तावनापत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।
९. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८६२६२३१२२ र ९८०३९८०४२३ मा सम्पर्क राख्न सक्नु हुनेछ ।
१०. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

संचालन गर्नुपर्ने कार्यक्रमको विवरण

| कामको विवरण | स्थान | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| आदिबासी जनजाति, दलित प्रवर्द्धन कार्यक्रम | याङवरक क्षेत्रभित्र | ५,००,०००।-(अक्षरेपी रु पाँच लाख मात्र) | |

०७४।१०।०७

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत